०८० असार १९ गते

बैठक संख्याः २७

| सि नं | विषय | निर्णय |
| --- | --- | --- |
| १ | निर्णयको समिक्षा | मितिः२०८०/०३/०९ गतेको कार्यपालिका निर्णय कार्यान्वयनको समिक्षा गरियो। |
| २ | भू-उपयोग परिषदको निर्णय अनुमोदन | यस लेटाङ नगरपालिकाको मितिः२०८०/०३/१५ गते बसेको भू उपयोग परिषदको देहाय बमोजिमको निर्णय अनुमोदन गर्ने।<br>१. भू-उपयोग परिषदको बिभिन्न बैठकबाट भएका निर्णयको आधारमा जग्गा बर्गीकरणको काम सम्पन्न भइ प्रतिवेदन प्राप्त भएकोले आवश्यक प्रकृया पुर्याई जग्गा कित्ताकाट रोक्का फुकुवाको सूचना प्रकाशन गर्ने निर्णय अनुमोदन।<br>२. लेटाङ नगरपालिका क्षेत्रभित्रका जग्गाको अंशवण्डा गर्दा कुनै जग्गामा सडक/बाटो कायम भएको भए यस नगरपालिकाको भू-उपयोग योजनाको आधार र मापदण्ड बमोजिम र सडक/बाटो कायम नभएको भए तपसिलको नगरपालिकाको पूर्व स्वीकृत लिई सडक/बाटो कायम गरी बस्ती विकास मापदण्ड बमोजिम तत् तत् वर्गमा नै रहने गरी कित्ता काटका लागि अनुमति दिने निर्णय गरियो । यस नगरपालिका क्षेत्रमा रहेका ऐलानी, पर्ती, बाँध/पैनी/कुलो तथा सरकारी वा सार्वजनिक जग्गा/खोलामा तोकिएको जोखिम क्षेत्रका जग्गाहरु व्यक्तिगत उपयोग गर्न बन्देज गर्ने निर्णय गरियो।<br>३. लेटाङ नगरपालिकाको भू-उपयोग योजना तथा भुउपयोग नक्सा अद्यावधिक गर्नका लागि (छुटेका सडक/ बाटोमा नक्सामा कायम) तपसिल बमोजिमका प्राविधिक उपसमिति गठन गर्ने निर्णय गरियो।<br>तपसिल<br>१. संयोजक - विष्णु कुमार मगर (पूर्वाधार समितिका संयोजक)<br>२. सदस्य - अमिन दिर्घायु लिम्बू<br>३. सदस्य - सम्बन्धित वडाको प्राविधिक<br>४. सदस्य सचिव - इ. भानुभक्त राई<br>माथि उल्लेखित सदस्य रहेको उपसमितिले भू-उपयोग नक्सा अद्यावधिक गर्नका लागि ९ वटै वडामा स्थलगत अनुगमन/ निरीक्षण तथा वडा समितिबाट छलफल गराई भू-उपयोग नक्सामा छुटेका सडक/बाटो नक्सामा कायम गरी/गराई आगामी भू-उपयोग परिषदको बैठकमा पेश गर्ने निर्णय गरियो। |

भुपेन्द्रकुमार लावती
नगर प्रमुख

| | | |
|---|---|---|
| ३ | ठेक्का म्यादथप सम्बन्धमा। | यस नगरपालिकामा अनुमानित आय अनुसारको राजश्व संकलन हुन नसक्नु तथा संघिय सरकारबाट प्राप्त हुने रकम समेत कटौती भएर आएकाले यस नगरपालिकाले बेहोर्नुपर्ने ३०% रकम बिनियोजन गरिएको भएपनि उपलब्ध श्रोतमाथी चाप परि बहुबर्षिय ठेक्का प्रणालिमा जानुपर्ने अवस्था आई सोहि बमोजिम ठेक्का व्यवस्थापन गर्न मिति २०८० असोज २० गते सम्म सडक निर्माण सम्पन्न गर्ने गरी मिति:२०८०/०३/१७ गते ठेक्का सम्झौता समेत भएको हुँदा लेटाङ कानेपोखरी सडक खण्डको ठेक्का म्याद थपका लागि सडक बोर्डको कार्यालयमा अनुरोध गर्ने। |
| ४ | अनुमती प्रदान | ग्रमिण महिला बिकास केन्द्र मार्फत भुवा चिसाङ पैनीको मुहान लाइनिङ र मर्मत गउनका लागि अनुमती माग भएको हुँदा उक्त कार्य गर्नका लागि अनुमती प्रदान गर्ने। |
| ५ | वडा कार्यालय भवन सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ९ को वडा कार्यालय हालसम्म अन्यत्र भाडामा संचालनमा रहेकोमा भर्खरै निर्माण सम्पन्न भएको वडा कार्यालयको आफ्नै भवनबाट सेवा प्रवाह गर्ने गरी साउन १ गतेबाट स्थानान्तरण गर्ने। |
| ६ | बिजुली पोल र रूख सम्बन्धमा। | यस लेटाङ नगरपालिका क्षेत्रभित्रको जाँते-ज्यामिरे सडक खण्डमा सडकको बिचमा रूख तथा बिद्युत पोल भई जोखिम अवस्थामा रहेकाले उक्त पोल र रूखहरूलाई हटाउन सम्बन्धित निकायमा सिफारिस गर्ने। |
| ७ | तह बृद्धि सिफारिस समिति गठन | यस लेटाङ नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यबिधि २०८० को परिच्छेद ३ को दफा ८ बमोजिम नगरपालिकामा कार्यरत कर्मचारीको तह बृद्धि गर्न देहाय बमोजिमको तह वृद्धि सिफारिस समिति गठन गर्ने।<br>प्रमुख प्रशासकीय अधिकृत श्री नारायण न्यौपाने अध्यक्ष<br>प्रा.उपसचिव श्री कृष्णराज राई सदस्य<br>नरसिङ्ग निरिक्षक श्री सिता थापा सदस्य सचिव |
| ८ | शनिबारे कृषि हाटबजार व्यवस्थापन | मिति:२०८०/०३/०९ गतेको कार्यपालिका निर्णय अनुसार वडा नं ४ को वडा अध्यक्षको अध्यक्षतामा निर्माण भएको शनिबारे कृषि हाटबजार टहरा व्यवस्थापन समितिलाई मिति:२०८०/०३/३० गते भित्र कार्यबिधि बनाई व्यवस्थापन तथा संञ्चालन गर्न अनुमती प्रदान गर्ने। |
| ९ | इन्धन,संचार,यातायात खर्च मापदण्ड | लेटाङ नगरपालिकामा जनप्रतिनिधि र कर्मचारीको इन्धन, संचार र यातायात खर्च मापदण्ड निर्माण गर्न तपसिल बमोजिमको सिफारिस समिति गठन गर्ने।<br>वडा अध्यक्ष तथा आर्थिक बिकास समिति संयोजक – संयोजक<br>लेखा अधिकृत - सदस्य<br>योजना प्रशासन तथा अनुगमन शाखा प्रमुख -सदस्य सचिव |
| १० | कार्यबिधि निर्माण सम्बन्धमा। | प्रतिस्पर्धाबाट प्रधानअध्यापक नियुक्त गर्न कार्यबिधि आवश्यक रहेकाले मस्यौदा तयार समितिलाई प्रधानअध्यापक नियुक्ती कार्यबिधि २०८० को मस्यौदा तयार गरी बिद्यायन समिति मार्फत कार्यपालिका बैठकमा पेश गर्न आग्रह गर्ने। |

भुपेन्द्रकुमार लावती
नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ मोरङ
कोशी प्रदेश नेपाल

| | | |
|---|---|---|
| १२ | पुरूस्कार सम्बन्धमा। | देहायकका क्षेत्रमा अब्बल देखिएका देहाय बमोजिमकका ब्यक्ति संस्थाहरूलाई पुरस्कृत गर्ने।<br><u>१.उत्कृष्ट कर्मचारी पुरूष्कारः</u><br>महिला कर्मचारीः श्री सिता थापा<br>पुरूष कर्मचारीः श्री चन्द्र विश्वकर्मा<br><u>२.उत्कृष्ट निर्माण व्यवसायी पुरूष्कारः</u><br>आर-एस जे बी का प्रोपाइटर आधिकारीक प्रतिनिधि श्री राजकुमार भण्डारी<br><u>३.उत्कृष्ट उपभोक्ता समितिः</u><br>वडा नं ७ मा संचालन भएको फुर्केटार कालिका मन्दिर निर्माण उपभोक्ता समिति अध्यक्ष – श्री भिम बहादुर लिम्वु<br><u>४.उत्कृष्ट फोटो पत्रकारः</u><br>श्री विवेक वस्ती<br><u>५. उत्कृष्ट जनप्रतिनिधिः</u><br>वडा नं ९ को वडा अध्यक्ष श्री नन्दप्रसाद खतिवडा<br><u>६.उत्कृष्ट कृषक पुरूस्कारः</u><br>क. कफि खेती कृषक श्री रास वहादुर राई लेटाङ – ७<br>ख. सुन्तला खेती कृषक श्री सवि कुमार राई लेटाङ – १<br><u>७.उत्कृष्ट पशुपालक पुरूस्कारः</u><br>दृष्टि आरम्भ वहुउद्देशिय बाख्रा फर्म लेटाङ- २<br>प्रो, कोपिला दंगाल<br><u>८.खेरजाने सामाग्रीबाट लघुउद्योग संचालन पुरूष्कारः</u><br>लिफ लेटाङ प्रा.ली लेटाङ – ५<br><u>९.उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयः</u><br>श्री शिक्षा विकास मा.वि. लेटाङ ५ खेरूवा मोरङ<br><u>१०.नगर स्तरीय दिर्घसेवा शिक्षक पुरस्कारः</u><br>-अम्वरबहादुर भण्डारी श्री बालविकास आ.वि. लेटाङ - १<br>-देवीप्रसाद ओझा श्री शिक्षा विकास मा.वि. लेटाङ – ५<br>-कृष्ण प्रसाद निरौला श्री महाभारत मा.वि. लेटाङ – ६<br>-हरिनारायण शाह श्री दुर्गा प्रा.वि. लेटाङ – ८<br>-डम्वर वहादुर विश्वकर्मा श्री शान्ति भगवती मा.वि. लेटाङ – ४<br><u>११.उत्कृष्ट छात्रा/छात्र पुरूस्कारः(रू५००० नगद र प्रमाण पत्र वितरण)</u><br><u>२०७८ को एस.ई.ई</u><br>क. <u>सामुदायिक विधालय तर्फबाटः</u><br>-रूविना सुवेदी श्री शिक्षा विकास मा.वि.<br>-सुवन धिताल श्री शान्ति भगवती मा.वि. |

भुपेन्द्रकुमार लावती
नगर प्रमुख

| | | |
|---|---|---|
| | | <u>ख. संस्थागत विद्यालयतर्फबाट:</u><br>-उषा निरौला श्री नोवेल एजुकेसन फाउण्डेसन लेटाङ-८<br>-सिद्धान्त घिमिरे श्री नोवेल एजुकेसन फाउण्डेसन लेटाङ-८<br><u>२०७९ को आधारभुत तह कक्षा-८ उतिर्ण तर्फ:</u><br>क. <u>सामुदायिक विद्यालयतर्फ:</u><br>-जुना विश्वकर्मा श्री शान्ति भगवती मा.वि. लेटाङ - ५<br>-कृष्ण आचार्य श्री शान्ति भगवती मा.वि. लेटाङ - ५<br><u>ख. संस्थागत तर्फ:</u><br>-अल्का राई श्री लिटल फ्लावर इङलिस बोर्डिङ स्कुल लेटाङ - ५<br>-समिर राई श्री पूर्वान्चल अल्मामेटर होम लेटाङ -५<br><u>गैरसरकारी संघ संस्थाहरूबाट उत्कृष्ट पुरस्कार:</u><br>श्री हर्डन नेपाल (शिक्षा क्षेत्रमा उल्लेखनिय योगदान पुर्याए बापत) |
| | | |

भुपेन्द्रकुमार लावती
नगर प्रमुख